# एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेडको

## दशौ वार्षिक साधारणसभाको काम कारवाहीको विवरण

## (माइन्यूट)

**१. वैधानिक सभा :**

एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७९/१२/०५ गते बसेको सञ्चालक समितिको १३५ औं बैठकको निर्णय अनुरुप कम्पनी ऐन, २०७४ (पहिलो संशोधन) तथा बैंकको प्रबन्ध-पत्र र नियमावलीमा भएको व्यवस्था बमोजिम संस्थाको दशौ वार्षिक साधारण सभा संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री संजिब सुब्बा ज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

**२. सभाको मिति, स्थान र समय :**

मिति : २०८० साल बैशाख महिना १५ गते, शुक्रबार (तदनुसार २८, अप्रिल २०२३),
स्थान : सिटि स्क्वायर प्रा.लि, न्यूरोड, पोखरा, कास्की ।
समय : बिहानको १२:३० बजे

**३. सभाको सूचना प्रकाशन :**

कम्पनी ऐन, २०७४(पहिलो संशोधन)को दफा ६७ (२) र बैंकको नियमावलीको नियम १८ बमोजिम दशौ वार्षिक साधारण सभा बस्ने बारेको सूचना तथा सञ्चालक समितिको प्रतिवेदन, आ.ब.२०७८/७९ को वार्षिक आर्थिक विवरण लगायतका आवश्यक सम्पूर्ण विवरणहरु सहितको वार्षिक प्रतिवेदन तथा सभामा छलफल गरिने विषयहरु शेयरधनीहरुले संस्थालाई उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै सोही व्यहोराको सूचना प्रथम पटक मिति २०७९ चैत्र ६ गतेको राजधानी राष्ट्रिय दैनिकमा र दोश्रो पटक मिति २०८०।०१।०३ गतेको कारोवार राष्ट्रिय दैनिकमा प्रकाशित गर्नुका साथै संस्थाको वेबसाईट www.nmbmicrofinance.com मा समेत राखिएको थियो ।

**४. छलफलका विषयहरू**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात, आ.व. २०७८/०७९ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचिहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०७९/०८० को लेखा परीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजीको ०.५२६३ (शुन्य दशमलव पाँच दुई छ तीन) प्रतिशतले हुन आउने रकम रु. ३४,५१,९०९.८०। (अक्षरुपी चौतिस लाख

एकाउन्न हजार नौ सय नौ रुपैयाँ असी पैसा मात्र) नगद लाभांश वापत (वोनस शेयरको कर प्रयोजनको लागि मात्र) वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिम हाल कायम चुक्ता पूँजी रु. ६५,५८,६२,८६२.००।- (अक्षरुपी पैसठी करोड अन्ठाउन्न लाख बैसठी हजार आठ सय बैसठी रुपैयाँ मात्र) को १० प्रतिशतले हुन आउने रकम रु ६,५५,८६,२८६.२० । (अक्षरुपी छ करोड पचपन्न लाख छयासी हजार दुई सय छयासी रुपैयाँ बिस पैसा मात्र) बराबरको बोनस शेयर जारी गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

२. बोनश शेयर जारी भए पश्चात वित्तीय संस्थाको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि हुने भएकोले जारी पूँजी र चुक्ता पूँजी बृद्धि लगायतका बिषयहरु समावेश गरि संस्थाको प्रवन्धपत्र संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

३. वित्तीय संस्थाको केन्द्रीय कार्यालय रहने ठेगाना सम्बन्धी संस्थाको प्रवन्धपत्रको दफा २(१) र नियमावलीको नियम २ संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

४. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

५. यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका अन्य लघुवित्त वित्तीय संस्थासंग गाभ्ने/गाभिने वा प्राप्ति (Merger/Acquisition) सम्बन्धी प्रकृया अगाडी बढाउन उपयूक्त देखिएमा सो प्रयोजनका लागि समिति गठन गर्ने, मूल्यांङ्कनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने, गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गर्ने लगायतका सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई प्रदान गर्ने सम्बन्धमा ।

६. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै संशोधन, फेरबदल वा परिमार्जनका लागि निर्देशन भएमा सोही बमोजिम गर्न गराउन संचालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**(ग) विविध ।**

## ५. उपस्थिति :

### ५.१ शेयरधनीहरुको उपस्थिति

**(क) समुह "क"संस्थापक शेयरधनीहरुको उपस्थित संख्या : १**

**(ख) समुह "ख"सर्वसाधारण शेयरधनीहरुको उपस्थित संख्या : ३५**

**(ग) जम्मा उपस्थित शेयरधनी संख्या : ३६**

**५.२ कम्पनी ऐन, २०७४(पहिलो संशोधन)को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु:**

(क) श्री संजिब सुब्बा - अध्यक्ष/ स्वतन्त्र सञ्चालक
(ख) श्री गोविन्द घिमिरे - सञ्चालक, प्रतिनिधि- एनएमबि बैंक लि.
(ग) श्री दिनेश दुलाल - सञ्चालक, प्रतिनिधि- एनएमबि बैंक लि.
(घ) श्री सविता सापकोटा - सञ्चालक- सर्वसाधरण
(ङ) श्री जितेन्द्र वाहेती - सञ्चालक- सर्वसाधरण

**५.३ अन्य पदाधिकारीहरुको उपस्थिति :**

(क) श्री आनन्द पाण्डे – प्रमुख कार्यकारी अधिकृत
(ख) श्री बिरुराम जैशी – नायव प्रमुख कार्यकारी अधिकृत
(ग) श्री सूर्य बहादुर थापा – कम्पनी सचिव
(घ) श्री बखत बहादुर बटाला - बरिष्ठ प्रवन्धक
(ङ) श्री कमल पोखेल - प्रमुख, व्यवसाय अधिकृत
(च) श्री प्रविण प्रजापति – प्रमुख, सञ्चालन अधिकृत
(छ) श्री भुवनेश्वर फुलारा - प्रमुख, शाखा सञ्चालन तथा सामान्य प्रशासन विभाग
(ज) श्री प्रेम प्रसाद सुवेदी - प्रमुख, बचत, केन्द्र संचालन विभाग
(छ) श्री पुरनचन्द्र चापागाई - प्रमुख, कर्जा असुली विभाग
(ज) श्री प्रकाश रावल - प्रमुख, केन्द्रिय अनुगमन इकाई
(झ) श्री श्याम थापा – प्रमुख, लेखा तथा वित्त विभाग

**५.४ अन्य उपस्थिति :**

(क) श्री दुर्गा राम पुरी - एनएमबि बैंक, गण्डकी प्रदेश प्रमुख

**६. गणपुरक संख्या र सभाको बैधानिकता :**

| कुल शेयधनीको संख्या | जम्मा उपस्थित संख्या (स्वयं तथा प्रतिनिधिपत्रद्वारा) | जम्मा शेयरको प्रतिनिधित्व (संख्यामा) | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| २५,४२९जना | ३६ जना | ३३४९५२१ कित्ता | ५१.०७ प्रतिशत |

कम्पनी सचिवले कम्पनी ऐन, २०७४ (पहिलो संशोधन) को दफा ६७ (२) बमोजिम शेयरधनीहरुलाई सभा सम्बन्धी सूचना दिइएको तथा कम्पनी ऐनको दफा ७३(२) तथा बैंकको नियमावलीमा उल्लेख भए बमोजिम सभामा ५० प्रतिशत भन्दा बढी ५१.०७ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा सभाको लागि आवश्यक गणपूरक संख्या पुगेकोले सभा सञ्चालन गर्न कानून बमोजिम रित पुगी कम्पनी ऐन, २०७४(पहिलो संशोधन) को दफा ६९ बमोजिम सभाको वैधानिक रहेको व्यहोरा शेयरधनी महानुभावहरुलाई अवगत गराएपछि सभाको कार्यक्रम शुरु भयो।

एनएमबि लघुवित्त वित्तीय संस्था लि. NMB केन्द्रीय कार्यालय NMB Laghubitta Bittiya Sanstha Ltd.

### ७. सभाको सभापतित्व र सभा सञ्चालन :

दशौ वार्षिक साधारण सभाको सभापतित्व ग्रहण गरी दिन कम्पनी सचिवले कम्पनी ऐन, २०७४ (पहिलो संशोधन) को दफा ७४ को उपदफा १ अनुरुप सञ्चालक समितिका अध्यक्ष, श्री संजिब सुब्बाज्यूलाई अनुरोध गर्नु भयो र संस्थाका सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नु भयो । प्रचलित कानूनको पालना भएको हुँदा सभाका सभापति श्री संजिब सुब्बाज्यूको अनुमतिले वार्षिक साधारण सभाको कार्यक्रम विधिवत रुपमा प्रारम्भ भयो ।

### ८. संस्थाका सञ्चालक श्री दिनेश दुलाल ज्यूवाट स्वागत मन्तव्य :

वित्तीय संस्थाको संस्थापक शेयरधनी एनएमबि बैंक लिमिटेडको तर्फबाट प्रतिनिधित्व गर्नु भएका सञ्चालक श्री दिनेस दुलाल ज्यूले दशौं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका शेयरधनी तथा अन्य सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत तथा धन्यवाद दिनु भयो । वहाँले मन्तव्यका क्रममा संस्थाले वर्तमान चुनौतिपूर्ण समयमा बिपन्न समुदायमा सेवा प्रदान गरिरहेको र आगामी दिनहरुमा श्रोत साधनहरुको थप समुचित प्रयोग गरि संस्थालाई थप उत्कृष्ठ बनाउने विचार व्यक्त गर्नुभयो ।
अन्त्यमा, वित्तीय संस्थाको सञ्चालक समितिलाई साथ सहयोग पुऱ्याउने सम्वन्धित सबै पक्षप्रति आभार प्रकट गर्दै यस वित्तीय संस्थाको दशौं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका अतिथिज्यूहरु र सम्पूर्ण शेयरधनी महानुभावहरुलाई पुनः स्वागत तथा आभार प्रकट गर्नु भयो ।

### ९. संस्थाका प्रमुख कार्यकारी अधिकृतज्यूवाट मन्तव्य :

वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री आनन्द पाण्डेज्यूले संस्थाको दशौं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका अतिथिहरु, शेयरधनी महानुभावहरु तथा अन्य सम्पूर्ण महानुभावहरुलाई हार्दिक अभिवादन गर्नु भयो । संस्थाले देशका सुगम र दुर्गम सबै ठाँउमा लघुवित्त सेवा पुऱ्याईरहेको बताउदै हरेक पालिकासँग समन्वय र सहकार्य गरि धैरै भन्दा धेरै वडाहरुमा वडा स्तरिय बित्तिय सचेतना कार्यक्रम प्रदान गरेको साथै वडा स्तरमा रहेका नागरिकहरुले अंगालीरहेको पेशा ब्यवसायलाई समयानुकुल परिमार्जन गरि बजारिकरण गर्न र त्यसको प्राविधिक पक्षको वारेमा समेत जानकारी गराउन जिल्ला र क्षेत्रिय तहका कृषि तथा पशु कार्यालयहरु, बिमा कार्यालयहरुसँग समन्वय गरेर कार्यक्रम सञ्चालक गरि रहेको जानकारी गराउनुभयो ।
वर्तमान समयमा रहेको वित्तिय चुनौतिलाई अवसरमा बदली प्रविधिको उच्च प्रयोग गरि ब्यवसायिक क्षमता अभिबृद्धि गर्दै लैजाने बताउनुभयो । संस्थालाई यस उचाईमा पुऱ्याउन प्रयत्न गर्ने सवै पक्षप्रति आभार प्रकट गर्नुभयो ।

### १०. सभाका सभापतिज्यूबाट संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुती :

सभाको काम कारवाहीलाई अगाडी बढाउने क्रममा सभाका सभापति ज्यू श्री संजिब सुब्बा ज्यूले शेयरधनीहरुलाई सम्बोधन गर्दै संचालक समितिका तर्फबाट वित्तीय संस्थाको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको मिति २०७९ आषाढ मसान्तको वासलात, मिति २०७८ श्रावण १ गतेदेखि मिति २०७९ आषाढ मसान्तसम्मको नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका सम्वन्धित अनुसूचीहरु छलफलका लागि सभापतिज्यूले सभामा प्रस्तुत गर्नुभयो ।

## ११. वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुति र छलफल :

छलफलको क्रममा भाग लिने शेयरधनी महानुभावहरुले निम्न अनुसार जिज्ञासा एवं सुझावहरु सभा समक्ष राख्नु भयो ।

**(क) श्री युक्त बहादुर सुवेदी :**

- सभामा बोल्न दिएकोमा धन्यवाद । सर्वप्रथम संस्थाका अध्यक्ष ज्यू, संचालक समिति, ब्यवस्थापन, कम्पनी सचिव लगायत सम्पूर्ण शेयरधनीहरुलाई दशौं वार्षिक सधारण सभाको सफलताको शुभकामना व्यक्त गर्न भयो । वर्तमान संकटपूर्ण अर्थतन्त्र रहेको अवस्थामा संस्थाको वित्तीय सूचकहरु सकरात्मक रहेको बताउदै वित्तिय क्षेत्रमाथी भइरहेको आक्रमण दुःखद भएको बताउनुभयो । संस्थाका खर्चहरु मूल शिर्षक सहित अन्य शिर्षकमा समावेश गर्ने परिपाठी न्यूनिकरण गर्न अनुरोध गर्नुभयो । संस्थाको साधारण सभाको समयावधी, भावी रणनीति र संकटपूर्ण अवस्थाबाट बाहिर निस्कन संस्थाले अंगालेका योजनाहरुको बिषयमा ध्यान आकर्षित गर्नु भयो ।

**(ख) श्री  राम गौतम :**

- सभामा बोल्न दिएकोमा धन्यवाद ब्यक्त गर्दै, वित्तीय संस्थाको नाफा, प्रतिशेयर आम्दानी र जोखिममा रहेको कर्जाको सम्बन्धमा ध्यान आकर्षित गर्नु भयो । संस्थाको काम कार्वाहीलाई समय सापेक्षरुपमा प्रविधिको उच्चतम प्रयोग मार्फत कार्य गर्न र  संस्थाले अन्य संस्थालाई गाभ्ने प्रकियाको सम्बन्धमा समेत जिज्ञासा व्यक्त गर्नु भयो ।

## सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको सम्बन्धमा सभाअध्यक्षज्यूबाट प्रतिउत्तरको प्रस्तुतिकरण :

शेयरधनी महानुभावहरुले आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण तथा संस्थाको क्रियाकलापका सम्बन्धमा सुक्ष्म विश्लेषण गरेर दिनुभएका महत्वपूर्ण एवं सकारात्मक सुझाव तथा सल्लाहका लागि धन्यवाद ज्ञापन गर्दै शेयरधनी महानुभावहरुबाट व्यक्त जिज्ञासाहरुको सम्बन्धमा सभा अध्यक्षज्यूबाट निम्न बमोजिम स्पष्ट पार्नु भयो ।

- सामाजिक उत्तरदायीत्वमा देखिने र महशुस हुने खालका विषयमा खर्च गर्न, संस्थाले निर्धारित गरेको ब्यवसायिक लक्ष्यका सम्बन्धमा चासो राख्दै उहाँले सो लक्ष्य प्राप्तिको लागि अपनाईएको योजना तथा रणनीतिको वारेमा महत्वपूर्ण सुझाव दिनुहुने शेयरधनी श्री युक्त बहादुर सुवेदी लाई अध्यक्षज्यूले हार्द्धिक धन्यवाद दिनुभई आगामी वर्षबाट सुझाव अनुरुप समयमा नै साधारण सभा सम्पन्न गर्ने बताउनुभयो ।
- वित्तीय संस्थाको नाफा तथा प्रतिशेयर आम्दानीमा ध्यान आकर्षित गर्नु हुने तथा संस्थाको काम कार्वाहीलाई समय सापेक्षरुपमा प्रविधिको उच्चतम प्रयोग मार्फत कार्यगर्न र संस्थाले अन्य संस्थालाई गाभ्ने प्रकियाको सम्बन्धमा समेत जिज्ञासा व्यक्त गर्नु भएका शेयरधनी श्री श्रीराम गौतमलाई अध्यक्ष ज्यूले हार्दिक धन्यवाद ब्यक्त गर्दै आगामी दिनमा संस्थाको ब्यवसायिक क्षमता अभिबृद्धि गर्ने कार्यमा उच्चतम् प्रविधिको प्रयोग गर्ने लक्ष्य रहेको जानकारी गराउनुभयो ।
- संस्थामा रहेको मानविय र भौतिक श्रोत साधनलाई समयानुकुल परिमार्जन गरि ग्राहक वर्गलाई गुणस्तरिय सेवा सहित लगानी कर्ताहरुलाई आगामी वर्षमा बढी भन्दा बढी प्रतिफल दिन

प्रयासरत रहने र संस्थाको वित्तीय स्थिति दरिलो तथा भरपर्दो बनाउँदै दिर्घकालिन प्रतिफल दिने उत्कृष्ठ लघुवित्त वित्तीय संस्थाको रुपमा बिकास गर्ने वताउनु भयो ।

**१३. सभाको छलफल तथा निर्णयहरु :**

**(क) सामान्य प्रस्ताव :**

१. **निर्धारित विषय सूची –(क) (१) अन्तर्गत** आ. व. २०७८/०७९ को सञ्चालक समितिको दशौ वार्षिक प्रतिवेदन सभामा प्रस्तुत भई सो प्रतिवेदन माथि विस्तृत छलफल समेत भईसकेकोले पारित गरियोस भनि अध्यक्षज्यूले सभालाई अनुरोध गर्नुभएकोमा सभाले संस्थाको दशौ प्रतिवेदन पारित गऱ्यो ।

२. **निर्धारित विषय सूची –(क) (२) अन्तर्गत** आ.व. २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात, मिति २०७८/०४/०१ देखि २०७९/०३/३२ सम्मको नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह विवरण एवं सो संग सम्बन्धित अनुसूचीहरु पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लिखित विवरणहरु उपर छलफल गरि पारित गऱ्यो ।

३. **निर्धारित विषय सूची –(क) (३) अन्तर्गत** आ.व. २०७९/०८० को लागि लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव रहेकोमा कम्पनी ऐन, २०६३ दफा १११ बमोजिमको चालु आर्थिक वर्ष २०७९/८० को बाह्य लेखापरीक्षण, ट्याक्स अडिट, तथा कम्पनी ऐन दफा ७८ बमोजिमको विवरण, नेपाल वित्तिय प्रतिमान (NFRS) अनुसारको वित्तिय विवरण तयार र DCGF Certification, निक्षेप तथा कर्जा सुरक्षण निगमलाई पठाउने कागजपत्र प्रमाणीत गर्न नियुक्ति अवधि भित्र संस्थालाई आवश्यक पर्ने विभिन्न प्रमाणित कार्य भए सो समेत गर्नको लागि श्री एलएसपि एसोसिएट्स चार्टड एकाउन्टेण्ट्स (LSP Associates Chartered Accountants) लागि लेखा परीक्षण शुल्क भ्याट बाहेक कुल **रु.३,५०,०००/- (अक्षरुपी तीन लाख पचास हजार मात्र)** तथा यातायात खर्च (पार्टनर लेखापरीक्षकलाई हवाई यातायात भाडा र सहायक लेखापरीक्षकलाई बस भाडा खर्च) र दैनिक भ्रमण भत्ता पार्टनर लेखापरीक्षकलाई रु.२,२००।- प्रति कार्यदिन र सहायक लेखापरीक्षकलाई रु १,४००।- प्रति कार्यदिन प्रदान गर्ने गरि दैनिक भ्रमण भत्ता र वास्तविक यातायात खर्च बाहेक अन्य खर्च नव्यहोर्ने गरी नियुक्ति गर्नको लागि अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिव सूर्य बहादुर थापाले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिले सो प्रस्ताव स्वीकृति सहित पारित गऱ्यो

एनएमबि लघुवित्त वित्तीय संस्था लि. NMB केन्द्रीय कार्यालय NMB Laghubitta Bittiya Sanstha Ltd.

४. **निर्धारित विषय सूची –(क) (४) अर्न्तगत सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम** हाल कायम चुक्ता पूँजीको ०.५२६३ (शुन्य दशमलव पाँच दुई छ तीन) प्रतिशतले हुन आउने रकम रु. ३४,५१,९०९.८०। (अक्षरुपी चौतिस लाख एकाउन्न हजार नौ सय नौ रुपैयाँ असी पैसा मात्र) नगद लाभांश वापत (वोनस शेयरको कर प्रयोजनको लागि मात्र) वितरण गर्ने प्रस्ताव पारित गर्न अध्यक्षज्यूले सभा समक्ष अनुरोध गर्नु भएकोमा सभाबाट सर्वसम्मतिले स्वीकृत सहित सो प्रस्ताव पारित गर्‍यो ।

**(ख) विशेष प्रस्ताव :**

५. **निर्धारित विषय सूची –(ख) (१) विशेष प्रशताव अन्तर्गत** सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिम हाल कायम चुक्ता पूँजी रु. ६५,५८,६२,८६२.००।- (अक्षरुपी पैसठी करोड अन्ठाउन्न लाख बैसठी हजार आठ सय बैसठी रुपैयाँ मात्र) को १० प्रतिशतले हुन आउने रकम रु ६,५५,८६,२८६.२० । (अक्षरुपी छ करोड पचपन्न लाख छयासी हजार दुई सय छयासी रुपैयाँ बिस पैसा मात्र) बराबरको बोनस शेयर जारी गर्ने सम्बन्धि प्रस्तावमा पारित गर्न स्वीकृतिको लागि अध्यक्षज्यूले सभा समक्ष अनुरोध गर्नु भएकोमा सभाले सर्वसम्मतीबाट सो प्रस्ताव स्वीकृति सहित पारित गर्‍यो ।

६. **निर्धारित विषय सूची –(ख) (२) विशेष प्रशताव अन्तर्गत** बोनश शेयर जारी भए पश्चात वित्तीय संस्थाको जारी पुँजी तथा चुक्ता पुँजी बृद्धि हुने भएकोले जारी पुँजी तथा चुक्ता पुँजी बृद्धि गरि जारी तथा चुक्ता पुँजी रु ७२,१४,४९,१४९।- (अक्षरुपी बहत्तर करोड चौध लाख उनान्पचास हजार एक सय उनान्पचास रुपैंया मात्र) लगायतका बिषयहरु समावेश गरि संस्थाको प्रवन्धपत्र संशोधन गर्ने सम्बन्धि विशेष प्रस्ताव स्वीकृतीको लागि अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएकोमा सभामा उपस्थित सम्पुर्ण शेयरधनीहरुले छलफल गर्नु भई **प्रबन्धपत्रको दफा ६ खण्ड (ख) र (ग)** मा देहाय बमोजिम हुनेगरी संशोधन/थप गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्‍यो ।

**प्रबन्धपत्र तर्फको संशोधन**

**दफा ६ : वित्तीय संस्थाको पूँजीको संरचना :**

वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुने :

(ख) वित्तीय संस्थाको जारी पुँजी रु ७२,१४,४९,१४९।- (अक्षरुपी बहत्तर करोड चौध लाख उनान्पचास हजार एक सय उनापचास रुपैंया मात्र ) हुनेछ सो पुँजीलाई प्रति शेयर रु.१०० दरको रु ७२,१४,४९१.४९।-( बहत्तर लाख चौध हजार चार सय एकानब्बे दशमलव उनान्पचास) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) वित्तीय संस्थाको चुक्ता पुँजी रु ७२,१४,४९,१४९।- (अक्षरुपी बहत्तर करोड चौध लाख उनान्पचास हजार एक सय उनान्पचास रुपैंया मात्र )हुनेछ ।

७. **निर्धारित विषय सूची –(ख) (३) विशेष प्रश्ताव अन्तर्गत** वित्तीय संस्थाको केन्द्रीय कार्यालय रहने ठेगाना सम्बन्धी संस्थाको प्रवन्धपत्रको दफा २(१) र नियमावलीको नियम २ संशोधनका लागि दशौ वार्षिक प्रतिवेदनमा उल्लेखित यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा संशोधनको तीन महले संशोधनको विवरण अनुसार संशोधनको प्रस्ताव सर्वसम्मत रुपले पारित गरियोस् भनि सभा समक्ष अनुरोध गर्नुभएकोमा सभामा उपस्थित सम्पुर्ण शेयरधनीहरुले छलफल गर्नु भई प्रस्तावित संशोधन बमोजिम **प्रबन्धपत्रको दफा २ खण्ड (१) र नियमावलीको दफा २ खण्ड (१)** मा देहाय बमोजिम हुनेगरी संशोधन/थप गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

**प्रबन्धपत्र तर्फको संशोधन**

**दफा २ : वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय रहने ठेगाना :**

(१) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय कास्की जिल्ला, पोखरा महानगपालिका वडा नं. ८, न्यूरोडमा रहने छ ।

**नियमावली तर्फको संशोधन**

**दफा २ : वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय रहने ठेगाना :**

(१) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय कास्की जिल्ला, पोखरा महानगपालिका वडा नं. ८, न्यूरोडमा रहने छ ।

८. **निर्धारित विषय सूची –(ख) (४) विशेष प्रश्ताव अन्तर्गत** वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ५ (न) मा दशौ वार्षिक प्रतिवेदनमा उल्लेखित यस वित्तीय संस्थाको प्रबन्धपत्र संशोधनको विवरण अनुसार संशोधनको प्रस्ताव सर्वसम्मत रुपले पारित गरियोस् भनि सभा समक्ष अनुरोध गर्नुभएकोमा सभामा उपस्थित सम्पुर्ण शेयरधनीहरुले छलफल गर्नु भई प्रस्तावित संशोधन बमोजिम **प्रबन्धपत्रको दफा ५ खण्ड -न)** मा देहाय बमोजिम हुनेगरी संशोधन/थप गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

**दफा ५ : वित्तीय संस्थाको उध्येश्य प्राप्त गर्न गरिने कामहरु :**

(न) बित्तीय संस्थाले प्रचलित कानुन बमोजिम सम्बन्धित निकाय/नेपाल राष्ट्र बैकबाट आवश्यक स्वीकृति लिई वीमा प्रिमियम बाहेक अन्य थप शुल्क लिन नपाउने गरी आफ्ना ऋणी सदस्यहरुको बचत तथा कर्जा सुरक्षित गर्ने प्रयोजनका लागि गरिने बीमाको बीमा अभिकर्ताको रुपमा कार्य गर्ने ।

९. **निर्धारित विषय सूची–(ख) (३) विशेष प्रस्ताव अन्तर्गत** यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका अन्य लघुवित्त वित्तीय संस्थासंग गाभ्ने/गाभिने वा प्राप्ति (Merger/Acquisition) सम्बन्धी प्रकृया अगाडी बढाउन उपयुक्त देखिएमा सो प्रयोजनकालागि समिति गठन गर्ने, मूल्यांङ्कनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने; गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गर्ने लगायतका सम्पूर्ण कार्य गर्ने अख्तियारी संचालक समिति वा समितिले तोकेको पदाधिकारीलाई प्रदान गर्ने सम्बन्धमा अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतीले सो प्रस्ताव पारित गऱ्यो ।

१०. **निर्धारित विषय सूची –(ख) (४) विशेष प्रस्ताव अन्तर्गत** वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) कुनै संशोधन फेरबदल वा परिमार्जनकालागि सुझाव वा निर्देशन भएमा सोही अनुरुप गर्न गराउन सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिले सो प्रस्ताव पारित गऱ्यो ।

११. अन्य प्रस्ताव प्राप्त नभएको ब्यहोरा कम्पनी सचिवबाट सभालाई जानकारी भयो ।

**<u>१४. सभा अध्यक्षज्यूबाट सभाको विसर्जन</u> :**

सभाको अन्त्यमा अध्यक्षज्यूले सभामा सहभागी हुनुभई आफ्नो अमूल्य राय, सल्लाह, मन्तव्य व्यक्त गर्नु भई सभालाई सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरिदिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, यस संस्थालाई निरन्तर सहयोग एवं मार्गदर्शन प्रदान गर्ने नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेञ्ज तथा विभिन्न बैंक, वित्तीय संस्थाबाट आमन्त्रित अतिथिहरु, सञ्चार जगतका पत्रकारबन्धुहरु र सभालाई शान्त वातावरणमा सभ्य र भव्य रुपमा सञ्चालन गर्न सहयोग गर्ने वित्तीय संस्थाको व्यवस्थापन तथा समस्त कर्मचारी वर्गको लगनशिलता र समर्पित सेवाको उच्च प्रशंसा गर्नुभयो । साथै, पूर्व तथा वर्तमान सञ्चालकहरुज्यूले यस संस्थामा रहेर पुऱ्याउनु भएको योगदानको कदर गर्दै आजको यस गरिमामय दशौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

...................
(सूर्य बहादुर थापा)
कम्पनी सचिव

........................
(संजिब सुब्बा)
सभाका सभापति/अध्यक्ष

एनएमबि लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, पोखरा २५, हेम्जा, कास्की

# दशौं बार्षिक साधारण सभा

मिति : २०८०/०१/१५

सञ्चालकको उपस्थिति अभिलेख

तपसिल

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री संञ्जिव सुब्बा | अध्यक्ष/स्वतन्त्र सञ्चालक | |
| २ | श्री रोमणी प्रसाद पाठक | प्रतिनिधि-एनएमबि बैंक लि. | |
| ३ | श्री गोविन्द घिमिरे | प्रतिनिधि-एनएमबि बैंक लि. | |
| ४ | श्री दिनेश दुलाल | प्रतिनिधि-एनएमबि बैंक लि. | |
| ५ | श्री जीतेन्द्र बाहेती | सञ्चालक-सर्वसाधारण | |
| ६ | श्री सविता सापकोटा | सञ्चालक-सर्वसाधारण | |

एनएमबि लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय, पोखरा २५, हेम्जा, कास्की

# दशौं बार्षिक साधारण सभा

मिति : २०८०/०१/१५

शेयरधनीहरुको उपस्थिति अभिलेख

| क्र.स. | नाम | शेयर कित्ता | BOID Number | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | प्रदिप प्रसाद पौडेल | १८१ | १३०१३६००००६११४८ | |
| २ | भुवनेश्वर फुलारा | ६ | १३०११०००००१२६५८६ | |
| ३ | आनन्द राज पौडेल | ६०२ | १३०११९००१६०५६६५६ | |
| ४ | मनोज मगर | २६ | १३०११००००६५५६६ ४ | |
| ५ | पुजारा रावल | २ | १३०१३६०००१२१४० २८ | |
| ६ | रामचन्द्र भट्ट | १४९ | १३०१५५००००० ८६०३२ | |
| ७ | राजन बहादुर थापा | ४१ | १३०१०६००००६२ ६३३१ | |
| ८ | तेजेन्द्र शर्मा लामसाल | ११ | १३०११०००००८८ ३३८ | |
| ९ | दिप गुरुङ | ५० | १३०१४८०००११० ८२३३ | |
| १० | [illegible] बैंक लि. ([illegible]) | ३३८४५०२ | १३०११००००००० ५८३१ | |
| ११ | [illegible] | १०० | १३०१०५००००६५ २२२२२ | |
| १२ | Yukta Bahadur Subedi | ~~1301150000 0000186~~3 60 | 1301150000 00001863 | |
| १३ | Prajanya Pratap Shah | 68 | 1301060000 0132678 | |
| १४ | Dil Bahadur Adhikari | 21 | 13010600000266060 | |
| १५ | Ram Prasad Shrestha | 145 | 1301090000015327 | |
| १६ | Sarala Rajbhandari Shrestha | 102 | 1301150000012698 | |
| १७ | Dipendra Bahadur Thapa Chhetri | 10 | 1301090000044058 | |
| १८ | Dilliram Poudel | 51 | 1301390000028965 | |
| १९ | Shreeram Gautam | 21 | 1301600000015341 | |

| क.स. | नाम | शेयर कित्ता | BOID Number | हस्ताक्षर |
|---|---|---|---|---|
| २० | Shreeya Adhikari | 40 | 13013700 0061859429 | |
| २१ | Sakchayam Adhikari | 11 | 13013700 001861028 | |
| २२ | Sunita Dhungana Adhikari | 24 | 13010600 000721017 | Sunita. |
| २३ | Bishnu Prasad Adhikari | 494 | 13013700 001074591. | |
| २४ | Surendra Man. Palikhe | 40 | 13010900 00008043 | |
| २५ | Ram lal Shrestha. | 163 | 13011000 00139255 | |
| २६ | Bed Nath Sharma | 168 | 13010900 119736 | |
| २७ | Nabaraj Adhikari | 163 | 13010600 00597498 | |
| २८ | Devaka Paudel | 30 | 130154000 0035482 | |
| २९ | Hari Krishna Wagle. | 25 | 13014800 27534 | |
| ३० | Kripesh Thapa. | 1000 | 130106000 0490771 | |
| ३१ | Dharmendra Bahadur Thapa Chhetri | 500 | 13010600 00028073 | Dharmendra |
| ३२ | Sita Devi Ghimire. | 163 | 13011000 00067782 | |
| ३३ | Prakash Paudel. | 20 | 13011700 257465 | |
| ३४ | Sabita Sapkota | 161 | 1301170000206876 | Sap. |
| ३५ | ~~Jitendra Baheti~~ | ~~161~~ | 13~~0117000020~~ 6876 | |
| ३६ | Jitendra Baheti | 2219 | 130140000000087 | |
| ३७ | | | | |
| ३८ | | | | |
| ३९ | | | | |
| ४० | | | | |
| ४१ | | | | |